# लोकतन्त्रलाई सुदृढ गर्न 'नागरिक सभा'

## तारकेश्वर नागरिक सभा -२०७९ को अनुभव र सिकाइ



श्रीराम फुटुङ्गे

विश्वभर लोकतन्त्रमा अहिले अल्पकालीन सोच, लगातार चुनाव केन्द्रित गतिविधि र निर्णयहरू हावी देखिएका छन् । कैयौं नीतिहरूका असफलताले लोकतन्त्रप्रति पैदा भएको संशयका कारण दिगो र जनमुखी विकासले अझै राम्रो स्थान पाउन सकिरहेको छैन । यस्तो अवस्थामा वादविवाद र तर्क-वितर्क सृजना भई विकासको गतिमा अवरोध पुगिरहेको धेरैको अनुभव छ । यही परिस्थितिका बीच विश्वका बलिया लोकतन्त्र भएका देशहरूमा केही वर्ष अघिदेखि सुरु भएको छ - 'नागरिक सभाको नौलो अवधारणा' । यस नागरिक सभाको संवादमुखी लोकतन्त्रमा आधारित नागरिक अभ्यासले ती अवरोध तथा लोकतन्त्रका सीमा र परिधिहरूको न्यूनीकरण गर्न मद्दत पुऱ्याउने विश्वास गर्न थालिएको छ ।

> विश्वका बलिया लोकतन्त्र भएका देशहरूमा केही वर्ष अघिदेखि सुरु भएको छ - "नागरिक सभाको नौलो अवधारणा" ।

### के हो नागरिक सभा र किन ?

सहभागितामूलक विधिमा आधारित यस्तो सभाले समाजका सबै तप्काको प्रतिनिधित्व गर्ने नागरिकलाई जुटाउँछ र एक-अर्कावाट सिक्दै, सुन्दै र सरसल्लाह (प्रवचन र वादविवादबाट हैन) एवम् संवादबाट नीतिगत सुझाव या सिफारिसहरू संकलन गर्दछ । त्यसैले यो यस्तो सभा बढी प्रतिनिधिमूलक र समावेशी हुन्छ । अर्कोतिर, नागरिकबाट प्राप्त सुझाव एवम् सल्लाह तथा सिफारिसहरू अक्सर हाम्रा आजका मापदण्ड भन्दा थप मजबुत, किफायती र छरिता हुनजाने भएकाले पनि यस्तो सभाको महत्व अरू बढी छ ।

सामान्यतया: अधिकांश साधारण जनतालाई यही दल तथा नेताले चुनाव जित्नुपर्छ भन्ने हुँदैन र यही दल तथा नेतालाई मत दिन्छु भनी वाचा गरेको पनि पाइँदैन । यसैका कारण उनीहरू कुनै विषयमा अर्को पक्ष/दलको कुरा सुन्न बढी खुला र तत्पर हुने हुन्छन् । यसरी सुन्ने, सिक्ने र सरसल्लाह दिने प्रक्रियाबाट आमनागरिकले आफ्नो सरकारले के गरोस् भन्नेबारेमा ठोस नीतिगत सुझाव दिन सक्दछन् । आफ्नो समुदायका लागि सबैभन्दा महत्वपूर्ण योजना तथा पक्ष थाहा पाउन पनि यसबाट महत्वपूर्ण साथ मिल्छ । यसले आगामी दिनमा गर्नुपर्ने कामका लागि जनस्तरबाट राय प्राप्त गर्न सघाउँछ, जुन बढी स्वतन्त्र र प्रतिनिधिमूलक हुनेहुँदा आमनागरिकको चासोलाई समेट्ने खालको हुन्छ ।

## तारकेश्वर नागरिक सभा-२०७९

भर्खरै स्थानीय निर्वाचनबाट नयाँ जनप्रतिनिधिहरूले आफ्नो कार्यभार सम्हालेको सन्दर्भमा आमनगरवासी के सोच्छन्, के चाहन्छन् र नयाँ जनप्रतिनिधिहरूबाट के अपेक्षा गर्छन् भन्ने विषयमा सहभागीमूलक छलफल गरेर निचोडमा पुग्ने उद्देश्यले स्थानीय सामुदायिक संस्था 'नर्थ काठमाडौँ विकास अभियान'ले तारकेश्वर नगरपालिकाको आंशिक सहयोगमा नागरिक सभाको आयोजना गऱ्यो । जनसरोकारका विषय तथा नगरवासीका प्राथमिकताबारे नागरिकस्तरमा विचार-विमर्श एवम् अन्तरक्रिया गर्न, नगरवासीले देख्न र लेख्न चाहेको तारकेश्वरको भविष्यबारे अन्तरक्रिया गर्दै त्यसको सम्बोधनका लागि सरोकारवाला निकायमा नागरिकका ठोस प्राथमिकताको कार्यान्वयनको पहलकदमी गर्न र सहभागितामूलक विकास तथा जनउत्तरदायी, पारदर्शी र जवाफदेही शासन व्यवस्थाको प्रवर्द्धन गर्न सघाउने उद्देश्यले यो सभाको आयोजना गरिएको थियो जसको शुभारम्भ वरिष्ठ हास्य कलाकार एवम् नागरिक अभियन्ता मदनकृष्ण श्रेष्ठबाट भएको थियो । यो सभाका प्रतिनिधिहरू चयनको प्रक्रिया विशिष्ट खालको थियो, जसलाई तलको 'बक्स'मा प्रस्तुत गरिएको छ ।

**नागरिक सभाका प्रतिनिधिहरूको चयन यसरी भएको थियोः**

नागरिक सभाका लागि 'र्‍यान्डम स्याम्पलिङ मेथड' अनुसरण गरी ४४ जना सहभागीहरू चयन गरिएका थिए, जसमा तारकेश्वरवासी एवम् तारकेश्वरका विषयका सरोकारवालाहरू थिए । उनीहरूमध्ये झण्डै आधा महिला र आधा पुरुष थिए भने उमेरगत हिसाबले १३ देखि ७२ वर्षसम्मका नागरिकको सहभागिता रहेको थियो । नगरपालिकाका कर्मचारी, शिक्षक, बुद्धिजीवी, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विद्यार्थीहरूमध्येबाट नागरिक चिट्ठाका आधारमा ती प्रतिनिधि छनोट भएका थिए । छानिएका प्रतिनिधिहरूको घरघरमै पुगेर सूचना दिई कार्यक्रममा सहभागी हुने इच्छा जाहेर गरेकामध्येबाट पनि पुनः चिठ्ठा प्रणाली अपनाई प्रतिनिधि चयन गरिएको थियो । त्यस्तै 'अनलाइन'बाट माग गरिएको प्राप्त नामबाट पनि पाँचजना र गरिब, विपन्न, बेरोजगार तथा एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूको सूचीबाट 'र्‍यान्डम्ली' झिकिएको नामबाट पनि केही सहभागीहरू चयन गरिएका थिए ।

## विकास, अविकास र दिगो विकास

विकास, अविकास, कुविकास र दिगो विकासका बारेमा सैद्धान्तिक छलफलबाट प्रष्ट भई नागरिकको सक्रियता र आलोचनात्मक चेतबारे अन्तरक्रिया गरिएपछि सभाका प्रतिनिधिहरूले सामूहिक एवम् एक्लाएक्लै आफू बसेको नगरको अविकासका झण्डै साठीवटा सूची तयार गरेका थिए । सभामा अबका दिनमा नगरमा निरन्तरता दिनुपर्ने कार्यहरू, रोक्नुपर्ने कामहरू, परिमार्जन गर्नुपर्ने पक्षहरू र लिनुपर्ने विकासका नयाँ पहलका सवालहरू पहिचान गरिएका थिए । ती सबै सवालमा घनिभूत छलफल गरिएको थियो र सो छलफलबाट सबै सवाललाई वर्गीकरण गरी १२ वटा मूल सवालहरू सामूहिक रूपमा पहिचान गरिएको थियो । अनुभवी र विज्ञ सहजकर्ताहरूको सहयोगमा यसरी मूल सवालका क्षेत्रहरू पहिचान गरेपछि समूहगत रूपमा थप छलफल गरी उक्त चुनिएका क्षेत्र तथा सवालमा नागरिकले देख्न चाहेको सपना एवम् सोको प्राप्तिमा स्थानीय सरकार र नागरिकले खेल्नुपर्ने भूमिकाका बारेमा पनि बुँदागत सुझावहरू प्रस्तुत गरिएको थियो ।

छलफलबाट आएका सवाल तथा सुझावहरूलाई पुनः 'प्लेनरी'मा प्रस्तुत गरी कुनै छुट हुन गएको भए थप्न र प्रष्ट हुन सहभागी प्रतिनिधिहरूलाई अनुरोध गरिएको थियो । नागरिक सभाका प्रतिनिधिहरूले खुला र पारदर्शी रूपमा आफूलाई लागेका पाँच प्रमुख विषयहरू छान्न मतदान (रेजा लगाएर) गरेका थिए । सो अनुसार विभिन्न सवाल र ती सवालले प्राप्त गरेको मतको संख्या यस प्रकार छ ।

| दिगो विकासको सवाल | प्राप्त मत |
|---|---|
| कृषिको समुचित विकास | २१ |
| शुद्ध खानेपानीको उपलब्धता तथा ढलको उचित व्यवस्थापन | १९ |
| सुशासनको प्रवर्द्धन | १६ |
| महिला अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन | १५ |
| सीपमूलक गुणस्तरीय शिक्षामा एकरूपता तथा सबैको पहुँच | १४ |
| गुणस्तरीय र निशुल्क स्वास्थ्य सेवामा सबैको पहुँच | १४ |
| सामाजिक सुरक्षामा सबैको पहुँच र प्रभावकारिता | १३ |
| योजनाबद्ध दिगो सहरीकरण | ११ |
| दिगो विकासमैत्री अवधारणाको अवलम्बन | १० |

| | |
|---|---|
| पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र प्रवर्द्धन | ९ |
| प्राकृतिक स्रोत-साधन (जल, जमिन र जंगल) को दिगो उपभोग र संरक्षण | ८ |
| भविष्यउन्मुख दिगो स्तरीय मापदण्डसहितको भौतिक संरचना निर्माण | ५ |

## स्थानीय सरकारको प्रतिबद्धता

नागरिक सभाको समापनका अवसरमा तारकेश्वर नगर प्रमुख कृष्णहरि महर्जन तथा उपप्रमुख सृजना बुर्लाकोटीले नागरिक सभालाई सरकारले गर्नुपर्ने कार्यको संज्ञा दिँदै यो कार्यक्रमले नागरिकलाई सक्रिय तुल्याउन योगदान गरेकोमा धन्यवाद दिनुभयो। साथै, उहाँहरूले आगामी दिनमा नगरले थप समन्वय गरी यस्ता सभाहरूलाई सहयोग गरेर अघि बढ्ने प्रतिबद्धता पनि प्रकट गर्नु भएको थियो।

## नागरिक सभा आयोजना गर्दाका चुनौती र सिकाइहरू

तारकेश्वरमा सम्पन्न प्रथम नागरिक सभा एउटा नौलो र विशिष्ट खालको नागरिक अभ्यास भएकाले यसबाट विभिन्न सिकाइहरू भएका छन्। कार्यक्रमका सत्रहरूमा नागरिक सभाका योगदानकर्ताहरू (सबै सहभागीलाई योगदानकर्ताका रूपमा लिइएको) को उच्चतम सक्रिय संलग्नता, व्यापक र अझ गहिराइसम्मको बहस तथा छलफल होओस् भन्ने सोच रहेको पाइएको थियो। तारकेश्वर नगरवासीले विकास, अविकास, कुविकास र दिगो विकासबारे एकै ठाउँमा बसेर संवाद गर्नु र दिगो विकासको आवश्यकता रहेको औँल्याउनु तथा यस्तो कार्यक्रममा सहभागी भई योगदान गर्ने मौका पाउनुलाई महत्वपूर्ण अवसरको रूपमा लिनु भएको पाइयो।

### चुनौती

छोटो समयमा नागरिक सभा सम्पन्न गर्नु परेको हुँदा समयको अत्यन्तै दवाब थियो। मानव स्रोत तथा स्वयम्सेवकहरूको अपर्याप्तताका कारण आवश्यक तयारीहरू पूर्णरुपमा गर्नु पनि चुनौतीपूर्ण थियो। नागरिक चिठ्ठा पद्धतिबारे आमनागरिकमा



विभिन्न खाले धारणा हुनु अर्को चुनौती बनेको थियो। नागरिक सभाको अवधारणा नयाँ भएकाले यसबारे सचेत तथा शिक्षित नागरिकमा पनि संशय पैदा भएको थियो, 'यस्तो पनि कार्यक्रम होला!' या 'चिठ्ठाबाट छानिएर आएकाले कत्तिको योगदान दिन सक्लान्?' भन्ने शंका थियो।

### सिकाइ

नागरिक चिठ्ठा आयोजना गर्दा सकेसम्म जुन वडाको हो त्यही वडामै गर्दा बढी प्रभावकारी हुने र यो सभाबारेमा धेरैले थाहा पाउने हुँदा नागरिकले यसलाई आफ्नो विचार राख्ने महत्वपूर्ण थलोका रूपमा लिनसक्ने भई सभा बढी केन्द्रित र प्रभावकारी बन्नमा सहयोग पुग्ने रहेछ। यसका लागि पर्याप्त मानवशक्ति तथा स्वयम्सेवकको बन्दोबस्त गर्नुपर्ने रहेछ। वडा कार्यालयसँग थप समन्वय, छलफल र प्रक्रियाबारे जानकारी दिनसक्दा धेरैको चासो हुने र सहभागी हुने व्यक्तिमार्फत् नचुनिएकाले पनि आफ्नो कुरा राख्न प्रेरित गर्न सक्ने रहेछन्। सभाका लागि चुनिएका व्यक्तिहरूलाई सभा अगावै कार्यक्रमसम्बन्धी जानकारी र उनीहरूबाट खोजिएको अपेक्षाजस्ता कुराहरूमा छलफल हुनसके अझ प्रभावकारी हुनजाने रहेछ। प्राय: नागरिक सभामा यस्तो गर्ने चलन भए पनि हामीकहाँ स्रोतको कमीका कारण ती सबै प्रक्रियाहरूलाई अवलम्बन गर्न कठिनाइ भोग्नु पर्‍यो। विविध पृष्ठभूमिका नागरिकहरू सहभागी हुनेहुँदा सभामा पूर्ण र सक्रिय रूपमा कसरी उहाँहरूलाई संलग्न गराउने भन्ने पूर्व योजना र व्यापक तयारी हुनुपर्ने रहेछ। यद्यपि सभा अपेक्षाकृत सफल बन्न सक्यो।

नागरिकले आफ्नो खास सरोकार तथा चासोका विषय उठाउने हुँदा यो आमनागरिकको विषय राख्ने महत्वपूर्ण मञ्च बन्ने रहेछ। त्यसैले लोकतन्त्रलाई सुदृढ गर्न सबै स्थानीय तह एवम् क्षेत्रमा यस खालको अभ्यास हुनसके दिगो विकासका लागि महत्वपूर्ण आधार बन्नुका साथै नागरिक क्रियाशीलताका लागि विधिवत प्रक्रियाका रूपमा यो स्थापित हुन सक्दछ, जसले लोकतन्त्रका सीमा र परिधिहरूको परिमार्जन गर्दै लोकतन्त्रको चुनाव केन्द्रित नीति र निर्णयहरूको हावीलाई रोक्दै दिगो नीति तथा विकासका लागि बलियो पृष्ठभूमि तयार पार्न सक्दछ।

---

***(विकास र सञ्चारका क्षेत्रमा क्रियाशील फुदुङ्गे, 'तारकेश्वर नागरिक सभा २०७९' को आयोजक समितिका संयोजक हुनुहुन्थ्यो।)*** नागरिक सभाबारे थप जानकारीका लागि kc.shreeram@gmail.com